# कमैया महिला जागरण समाज नेपाल

## वार्षिक प्रगति प्रतिवेदन रिपोर्ट २०२२

## नेपालमा कृषिमा आधारित बँधुवा श्रम अन्त्य परियोजना

1.1.1.a: Formation/ Reformation and strengthening of Kamaiya groups

बर्दिया जिल्लामा बढैयाताल गाँऊपालिका, बाँसगढी नगरपालिका, राजापुर नगरपालिका र गेरुवा गाँऊ पालिकामा वडा तथा वस्ती स्तरको २५ वटा वडा समितिको गठन तथा पुनर्गठन भएको छ । गठन तथा पुनर्गठनको क्रममा स्थानिय मुक्त कमैयाका नेतृत्व तथा वडा समितिको नेतृत्वहरुको संलग्नता रहेको थियो यसै क्रममा थारु समुदायमा रहेको बरघरहरुले समेत आवश्यक सहयोग गर्नु भएको थियो । साथै यस गठनका क्रममा मुक्त कमैयाहरुको सवालमा आवश्यक सहयोगका लागि वडाका जनप्रतिनिधीहरुको प्रतिबद्धता रहेको थियो । गठन तथा पुनर्गठन पश्चात यस समितिहरुले नियमित रुपमा बैठक वसि मुक्त कमैयाहरुको सवालमा छलफल गर्ने, योजना बनाउने, विभिन्न सरोकारवालाहरु संग समन्वय सहकार्य तथा अन्तरकृया र पैरवी सम्बन्धी कृयाकलापहरुमा संलग्न भएका छन् । यसले मुक्त कमैयाका सवालमा छलफल गर्नको लागि निस्कृयतामा हुदै गएको मुक्त कमैयाहरुको नेटवर्कलाई सवल र सकृय बनाउनमा सहयोग पुगेको छ ।

1.1.1.c: Quarterly meeting of Palika level Kamaiya Network

बर्दिया जिल्लाको कार्यक्षेत्र रहेको बाँसगढी नगरपालिका, बढैयाताल गाँऊपालिका, गेरुवा गाँऊपालिका र राजापुर नगरपालिकामा नगर स्तरिय समितिको पुनर्गठन तथा बैठक सम्पन्न भएको छ । यसले मुक्त कमैयाहरुको सवालमा पैरवी गर्नको लागि एक सक्रिय संगठनको आवश्यक भएकोमा यस संगठनले मुख्य भुमिका खेल्न सक्ने संजालको संरचनामा आउने देखिन्छ । सरकारको एक महत्वपूर्ण निकाय स्थानिय निकाय भएको र उक्त निकाय संग यस संगठनले नजिक भै मुक्त कमैयाहरुको पुनर्स्थापना तथा आर्थिक सामाजिक तथा शैक्षिक लगायत सर्वाङ्गिण विकासको लागि आवश्यक ठाँऊमा आवश्यक पैरवी गर्ने गरि संगठन सकृय रहको पाईन्छ । यसै क्रममा कार्य क्षेत्र भन्दा बाहिरका पालिकाहरुमा पहिले नै संगठन रहिरहेकोमा अन्य जिल्ला स्तरका कार्यक्रमहरुमा वहाँहरुको समेत संलग्नता रहेको पाईएको छ । यसरी यस संजालले स्थानिय निकाय संग नियमित पैरवी गरि बाँसगढी नगरपालिकामा कृषि तथा पशुपालनमा शतप्रतिशत अनुदानका कार्यक्रमहरु पार्न तथा बढैयाताल गाँऊ पालिकाले मुक्त कमैयाहरुको निःशुल्क स्वास्थ्य विमाको कार्यक्रम गर्न साथै जिल्ला

बाहिर कैलाली जिल्लाका कैलारी गा.पा., जानकी गा.पा., भजनी न.पा. र टिकापुर न.पा.ले मुक्त कमैया घोषणा भएको उक्त दिनलाई उत्सवका रुपमा मनाउनका लागि उक्त दिनलाई विदाको रुपमा घोषित गरि मुक्त कमैयाहरुको पहिचान दिने कार्यको कार्यान्वयनमा साथ दिएको छ ।

1.1.1.c: Quarterly meeting of District level Kamaiya Network

मुक्त कमैयाहरुको सवालमा जिल्ला स्तरका सरोकारवालाहरु संग छलफल गर्न तथा जिल्लामा रहेका अन्य आधारतहका संगठनहरुको परिचालनका लागि मुक्त कमैया समाजको कञ्चनपुर, कैलाली, बर्दिया, बाँके र दाङ्गमा त्रैमासिक रुपमा जिल्ला बैठकहरु नियमित रुपमा बसेको छ । जसले मुक्त कमैयाहरुको जिल्ला तहको मुक्त कमैया सम्बन्धी सवालमा पैरवी वकालत गर्न तथा विभिन्न किसिमका अभियानहरु संचालन गर्नका लागि यस संजालले सहयोग गरेको छ । साथै यस संजाल बाट विभिन्न सरोकारवालाहरु विचमा मुक्त कमैयाहरुको केन्द्र र सम्बन्धित तहहरु विच पुलको काम गरि कार्य सम्पन्न गर्नका लागि सहयोग भएको थियो ।

1.1.1.d: Meeting of Central Kamaiya Network and support for institutional development

मुक्तकमैया समाजको केन्द्रिय बैठक २०७८ साल माघ ६ गते र २०७९ साल असोज २९ गते सम्पन्न भएको छ । पहिलो बैठक गुलरियामा र दोस्रो बैठक कैलालीको सुखदमा सम्पन्न भयो । बैठकमा मुक्त कमैयाहरुका सवालका विषयमा छलफल गरि साझा एजेण्डा तय गरिनुको साथै जिल्ला मुक्त कमैया समाजको परिचालनका लागि नियमित बैठक तथा अन्य जिल्लाका सरोकारवालाहरुको संगठनिक छलफल गरिएको थियो । मुक्त कमैया समाजको केन्द्र समितिमा रहेको कार्यालय व्यवस्थापन तथा अन्य अभियान मुलक कार्यक्रमको लागि छलफल गरिएको थियो । साथै यस समितिले केन्द्र समितिको तथा प्रदेश तहको मुक्त कमैया समाजको सम्मेलनको लागि आवश्यक पहलका लागि छलफल गरिएको थियो । केन्द्र समितिको बैठकमा मुक्त कमैया समाजको साझा सवालका लागि विभिन्न तहमा अभियान संचालनको लागि तहगत संगठन परिचालनमा सहयोग पुगेको थियो ।

1.1.2: 3 days Leadership training to ward and palika level  Kamaiya group member (Including other district members)

पाँचै जिल्लाका मुक्त कमैयाहरुको नेतृत्व तहहरुको क्षमता विकासका लागि नेतृत्व विकास तालिमको योजना गरिएको छ । तालिममा मुक्त कमैया समाजको केन्द्र, जिल्ला तथा पालिका र वडा तहको सबै संरचना बाट प्रतिनिधत्व हुने गरि सहभागिता गराईएको थियो । तालिम पहिलो २०७८ साल माघ ७ गतेका दिन २ स्लट एकै पटक संचालनमा आएको थियो जसको सहजीकरण सुशिल चौधरी तथा पशुपति चौधरीले गर्नु भएको थियो भने अर्को १४ देखि संचालन भएको थियो । तालिम ३ दिनको रहेको थियो जसमा राज्य संरचना संघिय

, प्रदेश र स्थानिय सरकारबाट मुक्त कमैयाहरुले पाउने सेवा सुविधा, गरिवी के हो, गरिवीका कारण , बंचितीकरण र मानव अधिकारमूखि पद्धतिका अधार, मुक्त कमैयाका सामाजिक, आर्थिक र राजनितिक अवस्था विश्लेषण, कमैया श्रम निषेध ऐन तथा मुक्त कमैयाहरुको पुर्नस्थापनका लागी सरकारले बनाएका निति नियम

र कार्यान्वयनको अवस्था, शक्ति सम्वन्ध र शक्ति विश्लेषण, नेता, नेतृत्व, भनेको के हो ? असल नेताका गुण, नारीवादी नेतृत्वको परिचय र सिद्धान्त, समूदायका समस्या समाधान , निर्णय लिने प्रकृया र जवाफदेहिता, संचार, संचारका माध्यम र आयमहरु, समस्या, सवाल पहिचान, अभियान लगायतका विषयमा छलफल गरिएको थियो । तालिमका सहभागिहरुले यस किसिमको तालिमले आफ्नो अधिकार प्राप्तीको लागि थप उर्जा प्राप्त गरेको र यस किसिमको तालिम पुनर्ताजगी तालिमको रुपमा आवश्यक रहेको कुरा बताउनु भएको थियो तालिममा कमैया महिला जागरण समाजका केन्द्रिय अध्यक्ष, तथा अन्य पदाधिकारीहरुको उपस्थिति रहेको थियो । तालिम पश्चात मुक्त कमैयाहरुको पालिका तथा जिल्ला तहका सरोकारवालाहरु संग मुक्त कमैयाका सवालमा अन्तरकृया, ज्ञापन पत्र तथा अन्य दवावमुलक कार्यक्रमहरुको आयोजना गरि मुक्त कमैया सवाललाई अगाडी बढाउनमा सहयोग मिलेको थियो ।

1.1.3a: Palika Level Advocacy Planning Workshop for Kamiya network.(Include 4 Palika Members)

पालिका स्तरिय पैरवी योजना कार्यशाला राजापुरमा १ पटक तथा मैनापोखरमा एक पटक संचालन भएको छ । राजापुरको कार्यक्रममा राजापुर नगरपालिका र गेरुवा गाँऊ पालिकाको सहभागितामा २०७८ माघ १० र ११ गते २ दिन तथा बाँसगढी नगरपालिका र बढैयाताल गाँऊ पालिकाको सहभागितामा माघ १२ र १३ गते २ दिन संचालन भएको थियो । कार्यक्रममा २५ जनाका दरले सहभागिता रहेको थियो । जसमा ३७ महिला तथा १३ पुरुषको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागिहरुलाई नीतीगत विश्लेषण विद्यमान कानूनी व्यवस्था तथा प्रावधान, नयाँ कानुन र विद्यमान कानुनको प्रभावकारीता र आवश्यकता वकालत तथा पैरवी वकालत भनेको के हो, पैरवी भनेको हो, पैरवी, वकालत तथा आन्दोलनका फरक, मानव अधिकारमूखी पद्धतिका मूख्य तत्वहरु वकालत, पैरवी र संचार वकालत र पैरवीमा सञ्चारको महत्व सञ्चार रणनीति, सन्देश, माग पत्र तयार परिवेश तथा शक्ति विश्लेषण, गरिबी र असमानताको विश्लेषण सवाल के हो? शक्ति विश्लेषण समुदाय तहका हलिया तथा कमैयाका मुद्दा पहिचान (वक्ष् विश्लेषण) सवालको प्राथमिकीकरण, पैरवीको योजना निर्माण परियोजनामा रहको पैरवी कार्यक्रमको जानकारी लगायतका विषयमा छलफल गरिएको थियो ।

छलफल पश्चात एक पालिका स्तरमा मुक्त कमैयाहरुको पैरवी योजना तयार भै पालिका तहमा पैरवीका लागि स्थानिय सरकारलाई विभिन्न दवावमुलक  कार्यक्रमहरुको आयोजना तथा अभियानहरु संचालन गरिएको थियो । यसले मुक्त कमैयाहरुको सवालमा पालिकाहरुमा मुक्त कमैयाहरुका बालबालिकाहरुको अध्यापनमा सहयोग तथा आर्थिक तथा स्वास्थ्य क्षेत्रको सुधारको लागि कार्यक्रमहरु पालिकामा पार्न सफल भईएको थियो ।

1.1.3a: District Level Advocacy Planning Workshop for Kamiya network.

जिल्ला तहका विभिन्न सरोकारवालाहरु संग मुक्त कमैयाहरुको सवालमा अभियानमुलक कार्यक्रमहरु गर्नका लागि पाँचै जिल्लामा मुक्त कमैया समाजको जिल्ला पैरवी योजना तयार गरिएको छ । उक्त कार्यशाला पछि पाँचै जिल्लाका मुक्त कमैया समाजको जिल्ला पैरवी योजना तयार भएको छ । जस योजना अन्तरगत संस्थागत योजना तथा सरोकारवालाहरु संग गरिने विभिन्न किसिमका मुक्त कमैयाका सवालमा दवाव मुलाक कार्यक्रमहरु तय गरिएको  थियो । यस कार्यक्रमले पैरवी मुलक क्रियाकलापहरु बर्दियाको चार पालिका बाहेकका अन्य पालिका तथा जिल्ला तहमा सहज भएको थियो ।

1.1.6: District Level Conference of Kamaiya people

मुक्त कमैया समाजको जिल्ला संगठन रहेको जिल्लाहरुमा मुक्त कमैया समाजको जिल्ला संगठनलाई सवल र सक्षम नेतृत्व प्रदान गर्नका लागि तथा पैरवी सम्बन्धी कार्यक्रमहरु गर्नको लागि मुक्त कमैया समाजको जिल्ला सम्मेलन सम्पन्न गरिएको थियो । सम्मेलनमा मुक्त कमैयाहरुको सवालमा आगामी स्वास्थ्य, शिक्षा, रोजगार लगायत अन्य सामाजिक सुरक्षाकालागि सम्बन्धित सरोकारवालाहरु संग सहकार्य तथा दवाव मुलक कार्यक्रम गर्नका लागि सहज भएको थियो । नयाँ नेतृत्व चयन भए पश्चात जनप्रतिनिधीहरु संग गरिने छलफल तथा अन्तरकृया र ज्ञापन पत्र जस्ता दवाव मुलक कार्यक्रमले बर्दिया बाहेक अन्य जिल्लामा समेत मुक्त कमैयाका सवालमा राज्यका संयन्त्रहरुले सम्बोधन गरेको पाईन्छ ।

2.1.1: Policy review of local/province government on Freed Kamaiya and Haliya issues/ 2.1.4 : Budget tracking of Local Government to identify the resource allocation and priorities of Local Government

बर्दिया जिल्लाको ४ वटा (बाँसगढी नगरपालिका, बढैयाताल गाँऊपालिका, राजापुर नगरपालिका र गेरुवा गाँऊ पालिका) पालिकाहरुको मुक्त कमैया सम्बन्धी नीति तथा बजेतको अध्ययन गरिएको थियो जसमा एक प्रतिबेदन तयार गरि उक्त पालिकालाई बुझाउनुका साथै उक्त प्रतिबेदन माथि छलफल गरिएको थियो । मुक्त कमैया घोषणा भएको लामो समय हुँदा पनि बर्दियाका मुक्त कमैया विकासको मूलधारमा आउन सकेका छैनन् । जिल्लाको गेरुवा गाउँपालिका, बढैयाताल गाउँपालिका र राजपुर नगरपालिकामा भएको एक अध्ययनले

सरकारले उनीहरुलाई पुनःस्थापना गरे पनि स्थानीय सरकारले नीति, कार्यक्रम र बजेटले सम्बोधन नगर्दा जीविकोपार्जन, शिक्षा, स्वास्थ्यलगायत विषयमा उनीहरुले सास्ती खेप्नुपरेको छ ।

हामीलाई राज्यले मुक्तकमैया घोषणा त गऱ्यो तर यसको सही ढङ्गले व्यवस्थापन हुन सकेको छैन, कमैया महिला जागरण समाजकी अध्यक्ष विरुनी थारुले भन्नुभयो । उहाँले जिल्लामा ९२ मुक्तकमैया पुर्जा भएको तर जोतभोग गर्न नपाएको गुनासो गर्दै मुक्तकमैया भए पनि व्यवहारमा परिवर्तन नआएको बताउनुभयो । गेरुवा गाउँपालिकाले त्यहाँ बसोबास गर्ने मुक्तकमैयाको क्षमता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरेको छ तर यस विषयमा बजेटको प्रबन्ध गरिएको छैन ।  गेरुवा गाउँपालिकाका अध्यक्ष जुमानसिंह केसीले सङ्घ र प्रदेशबाट सहयोग स्वरुप प्राप्त हुने आवास कार्यक्रबाट सहयोग गर्न सकिने उल्लेख गर्दै मुक्तकमैयाले कार्यक्रम माग नगरेको बताउनुभयो । हामी मुक्तकमैयाका पक्षमा कस्तो कानुनको आवश्यकता पर्दछ । त्यो बनाउन तयार छौँ तर कानुन कस्तो र के विषयको बनाउने हो, त्यो मागअनुसार हुन्छ, उहाँले भन्नुभयो । गेरुवा गाउँपालिका-३ का वडाध्यक्ष निर्मल चौधरीले सधैँ परिस्थिति एकै नभएकाले आज पनि मुक्तकमैया भनेर भनि रहनुनपर्ने जिकिर गर्नुभयो ।

राजापुर नगरपालिकामा आदिवासी जनजाति, विपन्न लोपउन्मुख वर्ग, मुक्तकमैया, कमलरी, समुदायको उत्थानका लागि उहाँहरुको सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै विकासको प्रतिफलमा समानुपातिक पहुँच हुनेगरी सरकारी, निजी तथा गैरसरकारी क्षेत्रको समन्वयमा चालु आव २०७९/८० को नीति तथा कार्यक्रम तयार गरिएको उल्लेख भए पनि सो अनुसारको नीति र बजेट तर्जुमा गरिएको छैन । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन सुवेदीले मुक्तकमैया पुनःस्थापना भए पनि अझै केहीको छुट भएको उल्लेख गर्दै यसका विषयमा भिन्दै कार्यक्रम आउन नसकेको बताउनुभयो । राजापुर नगरपालिका-८ का वडाध्यक्ष राजेश थारुले आफू पनि मुक्तकमैया भएको जानकारी दिँदै अहिलेसम्म परिचयपत्र नपाएको गुनासो गर्नुभयो । उहाँले कमैयाको प्रतिनिधिको रुपमा सङ्घीय र प्रदेश सांसद भएकाले अहिलेसम्म यो विषयलाई नउठाएको उल्लेख गर्दै अब सधैँ पहिचान र पुनःस्थापनाको कुरा उठाउनुभन्दा पनि यसलाई समाधान हुने गरी टुङ्गो लगाउनुपर्ने बताउनुभयो ।

बढैताल गाउँपालिकाका अध्यक्ष हिमालय त्रिपाठीले यस वर्ष नीति तथा कार्यक्रम समयमा ल्याउन नसकेको जानकारी दिँदै मुक्तकमैयाको निःशुल्क बीमा र प्याकेजमा सहयोग गर्ने कार्यकम पारित गरेको बताउनुभयो । उहाँले यस वर्ष वडा नं ९ लाई बढी केन्द्रित गरेर कार्यक्रम ल्याएको उल्लेख गर्दै आउँदो हिउँदे अधिवेशनसम्म भिन्दै नीति, कार्यकम र बजेट ल्याइने बताउनुभयो ।

मुक्तकमैयाका शोधकर्ता डिल्ली विसीले सङ्घीय सरकारले नीति बनाए पनि स्थानीय सरकारले नीतिगत र बजेटका हिसाबले सम्बोधन गर्न नसकेको बताउनुभयो । उहाँले मुक्तकमैयाको समस्यालाई सम्बोधन गर्न स्थानीय सरकारले कार्यविधि बनाएर पनि समस्याको हल हुने बताउनुभयो । एक तथ्याङ्कअनुसार बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङमा गरी कमैया मुक्ति पश्चात २०५७ र २०६० सालमा लिएको लगतअनुसार मुक्तकमैया परिवारको सङ्ख्या ३२ हजार पाँच सय नौ रहेको छ ।

### 2.1.3.a: Interaction with Local Government on the demand of Freed Kamaiya

बर्दिया जिल्लाको बढैयाताल गाऊ पालिका, बाँसगढी नगरपालिका, गेरुवा गाँऊ पालिका र राजापुर नगरपालिकामा सम्पन्न भएको छ । कार्यक्रममा पालिकाका प्रमुख तथा उप प्रमुख हरुको उपस्थिती रहेको थियो । बढैयाताल गाँऊपालिकाका अध्यक्षले मुक्त कमैयाहरुको सवालमा पालिका बाट हुन सक्ने

काम पालिकाको बजेट बाट गरिने र अन्य कार्यको लागि प्रदेश तथा संघिय सरकारमा पहल गरिने कुरा बताउनु भयो । बाँसगढी नगरपालिकाका प्रमुखले मुक्त कमैयाहरुको जिविको पार्जनका लागि १० विघाहा जग्गा भाडामा लिएर जिविको पार्जनका लागि कार्य गरिने, शिक्षामा कुनै पनि बहानामा शुल्क लिन नदिने तथा मुक्त कमैया वस्तीमा भौतिक पुर्वाधार विकास प्राथमिकताका साथ लिएर जाने, मुक्त कमैयाका बालबालिकाहरुको डाटा संकलन गरेर विशेष किसिमको छात्रबृति सहयोग गरिने प्रतिबद्धता जनाउनु भयो । गेरुवा गाँऊ पालिकाका अध्यक्षले पालिकामा दलित सिमान्तकृत, अपाङ्ग आदिका लागि अलग बजेतको प्रावधान गरेर विकासको मुलधारमा ल्याउने कुरा बताउनु भयो । राजापुर नगरपालिकाले मुक्त कमैयाहरुको रोजगारीका लागि सूचना संकलन भैरहेको र आवश्यक अनुसार तालिम तथा रोजगारमुलक कार्यक्रमहरको आयोजना गरिने बताउनु भयो ।

### 2.1.3.b : Interaction in District Level on the demand of Freed Kamaiya

कमैयाहरुको सवालमा जिल्लाका सरोकारवालाहरुलाई जानकारी गराउनका लागि मुक्त कमैया समाजको आयोजनामा मुक्त कमैया तथा सरोकारवालाहरु विच अन्तरकृया कार्यक्रम कञ्चनपुरमा सम्पन्न भएको छ । कार्यक्रमको सहजीकरण अधिवक्ता पूर्ण प्रसाद जैदेव जोशीले गर्नु भएको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारीले कानूनमा भएका प्रावधानहरुलाई कार्यान्वयन गर्न आफू तत्पर रहेको कुरा बताउनु भएको थियो । कार्यक्रममा राजनैतिक दल सरकारी कार्यालयको प्रतिनिधी तथा जनप्रतिनिधीहरुको उपस्थिती रहेको थियो ।

### 2.1.3.c: Interaction with Federal Government on the demand of Freed Kamaiya

मुक्तकमैया सम्बन्धी सवालहरुमा छलफल गर्नका लागि मुक्त कमैया समाजका केन्द्रिय कार्य समितिको प्रतिनिधी, मुक्त कमलह्रीका प्रतिनिधी, कमैया महिला जागरण समाजका पदाधिकारी तथा मुक्त कमैयाको बसोवास रहेको लुम्विनी प्रदेशका जिल्लाहरु दाङ्ग, बाँके र बर्दिया जिल्लाका मुक्त कमैया समाजका प्रतिनिधीहरुको उपस्थितीमा दलित नेटवर्कको संयुक्त आयोजनामा सम्पन्न भएको छ । कार्यक्रमको उद्घाट कार्यक्रम प्रदेश व्यवस्थापिका संसदका उप-सभामुख माननिय श्री कृष्णि चौधरीको प्रमुख अतिथ्यमा कमैया महिला जागरण समाजका अध्यक्ष बिरुणी थारुको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्यका बारेमाकमैया महिला जागरण समाजका कार्यक्रम अधिकृत दुर्गा बहादुर चौधरी तथा कार्यक्रमको सफलताको शुभकामना मन्तव्य मुक्त कमैया समाजका कोषाध्यक्ष हरि चन्द्र चौधरी फ्रिडम फण्डका बालाराम भट्टराई, इन्सेक बुटवलका प्रतिनिधी तथा संविधान सभा सदस्य विनोद पहाडी लगायतले मन्तव्य दिनु भएको थियो । कार्यक्रममा राष्ट्रिय दलित नेटवर्कका अध्यक्ष तथा भुमी व्यवस्था मन्त्रालय द्वारा गठित मुक्त कमैया, कमलह्री, हलिया तथा हरवा चरवा सम्बन्धी अध्ययन कार्यदलका सदस्य गणेश वि.क. द्वारा प्रतिबेदन प्रस्तुतीकरण संगै कार्यक्रम को सहजीकरण गरिएको थियो । कार्यक्रममा प्रतिबेदनमा कमैयाहरुले भ्फेल्न परेका दुःखका घटनाहरु र संघर्षहरु, कमैयाहरु छुट हुन गएका कारणहरु, हाल सम्म पाएका पुनर्स्थापनाका कार्यक्रमहरु, छुट मुक्तकमैयाहरुले पुनस्थानाका लागि गरिएका संघर्षहरु लगाएत

विषयमा जानकारी गराए पश्चात आगामी प्रदेश सरकारको नीति तथा कार्यक्रममा मुक्त कमैयाहरुका सवालहरु सम्बोधन गर्नका लागि प्रतिबेदनले सहयोग गर्ने कुरामा वक्ताहरुले विचार राख्दै छलफल गरिएको थियो । छलफल पश्चात कार्यदलको प्रतिबेदन लुम्बिनी प्रदेशका प्रदेश मुख्य मन्त्रि कुल बहादुर के सी लाई हस्तान्तरण गरिएको थियो । हस्तान्तरण कार्यक्रममा मुख्य मन्त्रिले आफु प्रतिबेदनको अध्ययन पश्चात आवश्यकता अनुसार यि समस्याहरु समाधान गर्नका लागि कार्यक्रमहरु तय गरिने र नीतिगत व्यवस्थापनको लागि केन्द्र सरकार संग पनि समन्वय गर्ने भन्ने कुरामा प्रतिबद्धता जनाउनु भएको थियो ।

दोस्रो दिन प्रदेश व्यवस्थापिका संसदहरु संग प्रतिबेदन प्रस्तुतीकरण गरिएको थियो । र प्रतिबेदन कार्यान्वयन तथा कमैयाका सवालहरुमा प्रदेश व्यवस्थापिका सांसद ज्यूहरु बाट कमैया कमलह्रीको समस्या समाधान गर्ने किसिमको योजना तथा नीति तथा कार्यक्रममा पार्न तथा व्यवस्थापिका संसदमा छलफल गर्ने कुराहरु प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । कार्यक्रम पश्चात श्रम मन्त्री, अर्थ मन्त्रि तथा आन्तरिक मामिला तथा संचार मन्त्रीहरुलाई प्रतिबेदन कार्यान्वयनका लागि हस्तान्तरण गरिएको थियो । यसरी कार्यक्रममा लुम्बिनी प्रदेशमा रहेको कमैया तथा कमलह्री समस्याको रुपमा रहेको विभेदको तथा मानव दासताको रुपमा अवस्थित रहेको समस्याको अन्त्यको लागि सहयोग गर्ने कुरामा प्रतिबद्धता जनाउनु भएको थियो ।

### 2.1.5: Orientation on public services to Haliya and Kamaiyas

बर्दिया जिल्लाको कार्यक्रम संचालनमा रहेको पालिकाहरुमा रहेको मुक्त कमैयाहरुको वडा तहमा रहेको मुक्त कमैयाहरुको समुहको सदस्यहरुलाई सार्वजनिक सेवा अभिमुखिकरण २३ पटक संचालन गरिएको छ । जसमा वडा कार्यालयहरु बाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी गराईएको थियो । प्रत्येक वडाका वडा सचिवहरुको सहजिकरण तथा सहकार्यमा कार्यक्रम संचालन गरिएको थियो भने उक्त कार्यक्रममा वडा अध्यक्षहरु समेतको उपस्थिती रहेको थियो । कार्यक्रममा वडाको जिम्मेवारी के तथा वडा कार्यालयमा कसरी सेवा सहज रुपमा लिन सकिन्छ भनेर समेत छलफल गरियो । सेवाका विषयमा जानकारी गराउदा घटना दर्ता तथा सामाजिक सेवा भत्ता लगाएत वडा कार्यालयबाट प्रदान गरिने सिफारिसको बारेमा समेत जानकारी गराईयो ।

### 2.1.7: Joint Monitoring and meeting with Kamaiya and Haliya groups by Govt. officials

स्थानिय सरकारको प्रत्यक्ष उपस्थितीमा मुक्त कमैयाको दैलो मै गएर मुक्त कमैयाका सवालमा छलफल गर्नका लागि मुक्त कमैया समाज र कमैया महिला जागरण समाजको समुस्थितीमा कार्यक्रम संचालन भएको चार वटै पालिकामा विभिन्न समयमा विभिन्न स्थानमा गरि १० पटक छलफल गरिएको थियो । मुक्त कमैयाहरु अझै पनि पहिचानमा छुटेका, पुनर्स्थापनका कार्यक्रम बाट बञ्चित हुन परेको, जग्गा अरुले उपभोग गरिरहेको, सत्ता भर्ना पाउनु पर्ने जग्गाको सत्ता भर्ना नपाएको, अरुको जमिनमा घर बनाएर बस्न बाध्य रहेको व्यहोरा उल्लेख गरेका थिए । जस्ता समस्याहरु उल्लेख गरेका थिए । यसका लागि मुक्त कमैयाहरुका बारेमा पहिला

देखि नै संलग्न रहेका पालिका प्रमुखहरुलाई पूर्ण जानकारी रहेको पाईन्छ भने केहि पालिका प्रमुखहरुलाई भने जानकारी गराइएको थियो । जानकारीमा रहेका पालिका प्रमुखहरुले मुक्त कमैयाका केन्द्र तहको नेतृत्वहरुले पालिकाले पहिचान सहितको पुनर्स्थापनाको लागि संघिय सरकार संग पैरवी गरिदिन आग्रह गरेका छन् । संघिय सरकारले स्थानिय तहले आफ्नो पालिकामा रहेका मुक्त कमैयाहरुको पहिचान तथा पुनर्स्थापनाका लागि आफै व्यवस्था गर्न सक्ने नीति ल्याएमा १ बर्षमै स्थापनाका कार्यक्रम गर्न सक्ने र वास्तविक मुक्त कमैयाहरु दुःख पाईरहेको विषयमा आफुमा जानकारी रहेको तथा यस विषयमा आफु प्रतिबद्ध भएको भनी गेरुवा गा.पा. का अध्यक्षले जानकारी गराउनु भयो भने अन्य पालिका प्रमुखहरुले भने मुक्त कमैया बसोबास रहेको वस्तीहरुलाई विकासको मुलधारमा ल्याउने कुरा बताउनु भएको थियो ।

### 3.1.1: Orientation on existing legal provisions and program on Freed Kamaiya and Haliya and its implementation status

बर्दिया जिल्लाका राजापुर नगरपालिका, गेरुवा नगरपालिका बढैयाताल गाँऊपालिका तथा बाँसगढी नगरपालिकामा मुक्त कमैयाहरुको सवाललाई सम्बोधन गर्नका लागि मुक्त कमैया समाजको आयोजनामा मुक्त कमैयाहरुको नेतृत्वकर्ताहरुलाई मुक्त कमैयाहरु सम्बन्धी नेपालमा विद्यमान कानूनी प्रावधानका बारेमा अभिमुखीकरण जानकारी गराईएको छ । कार्यक्रमको सहजीकरण पहिलो चरणमा कमैया युवा जागरण समाजका अध्यक्ष विर बहादुर चौधरीले तथा दोस्रो पटकमा मुक्तकमैया समाजको जिल्ला अध्यक्ष दुखराम थारु ले गर्नु भएको थियो । कार्यक्रममा राजापुरमा ठाकुरवावा तथा मधुवनका मुक्त कमैया समाजका जिल्ला तथा पालिका तहका सदस्यहरुको उपस्थिती रहेको थियो, बढैयातालमा गुलरिया नगरपालिका समेत तथा बाँसगढीमा बारबर्दियाका नगर तथा जिल्लाका नेतृत्व कर्ता मुक्त कमैया समाजका पदाधीकारी लगायतको उपस्थिती रहेको थियो । यस कार्यक्रमले मुक्त कमैयाहरुको अवस्थाको बारेमा जानकारी छलफल हुनुको साथै मुक्त कमैयाहरु आगामी दिनमा कानूनमा भएका अधिकारका कुराहरुको पालना गर्नका लागि सहज गराउन के कस्ता भुमिका गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिएको छ ।

### 3.1.2: Orientation and Engagement of Freed Kamaiya and Haliya on Local Level planning process to tap Budget resources

स्थानिय तहमा योजना तर्जुमा प्रकृया सम्बन्धि अभिमुखीकरण कार्यक्रम बढैयाताल, राजापुर, बाँसगढी र गेरुवा मा सम्पन्न भएको छ । कार्यक्रममा स्थानिय तहका योजना शाखा प्रमुख तथा सह प्रमुखहरुको बढैयातामा उमन बहादुर हमाल, राजापुरमा नन्द राज जैसी, बाँसगढीमा विमल पौडेल र गेरुवामा कुन नारायण चौधरीले सहजीकरण गर्नु भएको थियो । सबै पालिकाहरुमा मुक्तकमैया समाजको पालिका तहको पदाधिकारीहरु उक्त पालिकामा रहेका कृषि तथा अन्य समुहहरुको उपस्थिति रहेको थियो भने बाँसगढी नगरपालिकामा कार्यक्रम संचालनमा रहेको वडाका वडा अध्यक्ष र सदस्य तथा टोल समितिको पदाधिकारीहरुको समेत उपस्थितीमा सम्पन्न भएको थियो । बढैयाताल गाँऊ पालिकामा के एम जे एस का जिल्ला सदस्य संगिता चौधरी बाट कार्यक्रमको सफलताको शुभकाना सहित शुरुवात गरिएको थियो भने बाँसगढी नगरपालिकामा नव निर्वाचित

प्रमुख तथा उप प्रमुखको उपस्थितीमा कार्यक्रम सफलताको शुभकामना सहित कार्यक्रम संचालन भएको थियो यसै गरि गेरुवामा के एम जे एसका अध्यक्ष विरुणी थारुको उपस्थितीमा कार्यक्रम संचालन गरिएको थियो ।

### 3.1.3: Campaigns Events

मुक्त कमैयाको पुनर्स्थापनाका विषयमा सरोकारवालाहरुलाई जानकारी तथा दवाव दिनका लागि मुक्त कमैयाहरु द्वारा बिभिन्न किसिमका अभियानहरु संचलन गरिएका छन् ।

क) वडा स्तरमा मुक्त कमैया र सरोकारवालाहरु विच अन्तरकृया कार्यक्रम

मुक्तकमैया तथा वडामा रहेका राजनैतिक दल, वडा तथा पालिका तहका जन प्रतिनिधीहरुको उपस्थितीमा अन्तरकृया कार्यक्रम बर्दिया जिल्लाको कार्यक्रम संचालनमा रहेको पालिकाको १७ वटा वडामा संचालन भएको छ । यस कार्यक्रम नगर तथा बस्ति स्तरको मुक्त कमैया समाजको आयोजनामा तथा कमैया महिला जागरण समाजको सहकार्य तथा प्राविधिक सहयोगमा संचालन भएको छ । जसमा मुक्त कमैया हरुले आफ्ना पुनर्स्थापन तथा अन्य आधारभुत आवश्यकता सम्बन्धी अवस्था तथा समस्याका विषयमा एजेण्डाहरु उत्थान गरेका थिए भने राजनैतिक दल तथा जन प्रतिनिधीहरुले सम्वोधन गरेका थिए । यस कार्यक्रममा भएका छलफलले मुक्त कमैयाहरुको एजेण्डालाई राजनैतिक दलहरुले स्थानिय निर्वाचनमा आफ्ना दलहरुको घोषणा पत्र तथा कार्य गर्ने क्रममा मध्य नजर राख्दै निर्वाचित भएमा उच्च प्राथमिकताका साथ कार्य गरिने व्यहोरा उल्लेख गरेका थिए ।

ख) भुमी व्यवस्था मन्त्रीलाई प्रमुख जिल्ला अधिकारी मार्फत ज्ञापन पत्र

मुक्त कमैयाहरुको पुनर्स्थापन सम्बन्धि समस्याहरु लिएर भुमी व्यवस्था मन्त्रीलाई ज्ञापन पत्र हस्तान्तरण बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी सन्त बहादुर सुनार मार्फत हस्तान्तरण गरिएको थियो । ज्ञापन पत्रमा बर्दिया जिल्लामा रहेका कमैयाहरुको अवस्थाका बारेमा र पुनर्स्थापनका लागि मागहरु सहितको भुमिहिन सुकुमबासी तथा मुक्तकमैयाहरुको संयुक्त रुपमा ज्ञापन पत्र हस्तान्तरण गरिएको थियो । ज्ञापन पत्रको नमुना संलग्न गरिएको छ ।

gyapan patra.docx

ग) स्थानिय निर्वाचन तथा प्रदेश सभा र प्रतिनिधी सभा निर्वाचनमा उम्मेद्वारा प्रतिपद्धता हस्ताक्षर संकलन कार्यक्रम

यस बर्षमा भएका ३ तहको निर्वाचनमा मुक्त कमैयाका सवालमा ५ जिल्लाका मुक्त कमैयाहरुको तयारी बैठक बसी साझा एजेण्डा तय गरी स्थानिय निर्वाचनको समयमा स्थनिय निर्वाचनका उम्मेद्वार तथा प्रतिनिधी सभा र प्रदेश सभाका निर्वाचनमा उम्मेद्वारहरुलाई र पार्टि प्रतिनिधीहरुलाई लिखित प्रतिबद्ध गराईएको छ । साथै उक्त प्रतिबद्धता निर्वाचन पश्चात विजय जनप्रतिनिधीहरुलाई वहाँहरुको प्रतिबद्धताको प्रतिलिपी हस्तान्तरण तथा बढाई कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रम पश्चात स्थानिय जनप्रतिनिधीहरु कार्यान्वयनका क्रममा रहेको पाउन सकिन्छ । जुन मुक्त कमैयाका लागि भजनी न.पा. बाट एक लाख दश हजार रुपैया छुट्टयाउनु, श्रावण २ गतेका दिन सार्वजनिक विदा घोषण गर्नु तथा बाँसगढी न.पा.ले मुक्त कमैयालाई शतप्रतिशत अनुदानमा कृषि तथा पशुपालनका कार्यक्रमहरुको योजना गरिनु, बढैयाताल गा.पा.ले मुक्त कमैयाको स्वास्थ्य विमा निःशुल्क गरिनु जस्ता उपलब्धीलाई यस अभियानको प्रभावकारिताको रुपमा लिन सकिन्छ ।

घ) कार्य क्षेत्रमा हुने लैंगिक हिंसा सम्बन्धी श्रमिकहरुलाई अभिमुखीकरण

मुक्त कमैयाहरु प्राय दैनिक ज्यालाको काम गर्ने र बिभिन्न किसिमका लैंगिक हिंसामा पर्न जाने भएको तथा उक्त विषयमा मुक्त कमैयाहरु जानकार नभएको साथै पालिकाले बिभिन्न चरणको चेतनामुलक कार्यक्रमहरु संचालन गरेता पनि मुक्त कमैयाहरु उक्त तहको पहुँचमा नहुंदा जानकारी पाउन सकेका छैनन् । जानकारीका अभावका कारण हिंसामा पर्ने सम्भावना रहेकोले वस्तीमा गई लैंगिक हिंसा तथा सेफगाडिङ्ग सम्बन्धी अभिमुखिकरणका साथ लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न गरिएको छ । जसमा महिलाहरु सुरक्षित हुने तथा आवश्यक परेमा प्रतिकार गर्ने तथा कानूनी सहायता लिन सक्ने छन् भन्ने अपेक्षा गरिएको छ ।

### 3.1.4: Day Celebrations

२०७९ साउन २ गते 'सम्पूर्ण मुक्त कमैयाहरु एकता बद्ध हौं । व्यवस्थित पूर्नस्थापनाका लागि अघि बढौं ।' भन्ने नारा सहित २२ औं मुक्त कमैया दिवस २०७९ दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर गरि पाँच वटै जिल्लामा र्‍याली, झाँकी, मन्तव्य तथा अन्तरकृया लगायतको कार्यक्रम गरि मनाईएको छ । कार्यक्रममा गुलरिया बर्दियामा माननिय प्रदेश सभा उप सभामुख कृष्णि थारु को प्रमुख अतिथी तथा माननिय साँसद भुवनेश्वर थारु लगायतको विभिन्न पदाधिकारीहरुको उपस्थिती रहेको थियो । कार्यक्रम मुक्त कमैया समाज, कमैया महिला जागरण समाज, कमासु दिगो विकास समाज, मुक्त कमैया संगम समाज, मुक्त कमैया महिला मञ्च लगायतको संस्थाहरुको संयुक्त आयोजनामा सम्पन्न भएको थियो । कार्यक्रममा मुक्त कमैयाहरुको पुनर्स्थापनाको कार्यक्रम तुरुन्त लागु गर्नको लागि प्रधानमन्त्रीलाई प्रमुख जिल्ला अधिकारी मार्फत ज्ञापन पत्र हस्तान्तरण गरिएको थियो ।

23 mukti diwash duc
.docx

3.2.2: IGA and business development training to Freed kamaiyas and Haliyas

बर्दिया जिल्लाका मुक्त कमैयाहरुको व्यावसायिक कृयाकलाप द्वारा आर्थिक स्तर उकास्नका लागि मुक्त कमैया समाजको सहकार्यमा ६५ जना मुक्त कमैयाहरु लाई व्यावसायिक सिप विकासका लागि ३ दिने उद्यमशिल विकास तालिम दुई पटक संचालन गरिएको छ। तालिमका सहभागिहरु व्यावसाय कसरी गर्ने तथा परम्परागत रुपमा गरिदै आएको जिनव निर्वाहको कृयाकलापलाई व्यावसायिक रुपमा कसरी गर्ने, व्यावसाय लाई अझ व्यवस्थित र सफल कसरी बनाउने र आम्दानी कसरी बृद्धि गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिएको थियो।

3.2.3: Support freed kamaiyas and Haliyas youth to get vocational/ skill development training

मुक्त कमैयाका १६ जना युवाहरु प्रि-डिप्लोमा तहमा कमैया महिला जागरण समाज नेपालको सहयोगमा प्राविधिक शिक्षा हासिल गरिरहेका छन्। जसमा ४ पुरुष र १२ महिला रहेका छन्। जसमध्ये १ जना निर्माण, ६ जना कृषि तथा ९ जना भेटेरीनरी अध्ययन गरिरहेका छन्।

3.2.4.a: Start up support for income generation activities

मुक्त कमैयाहरुको आर्थिक विकासका लागि व्यावसायमा संलग्न गराउनको लागि व्यावसायिक क्षमता विकासका लागि उद्यमशिल विकास तालिममा सहभागि भएका लाई व्यावसायिक तरिकाले आर्थिक आम्दानी गर्न जसले लगानी गर्न सकिरहेका छैनन् त्यसता मुक्त कमैयाहरुलाई व्यावसाय शुरुवातका लागि २०००० रुपैयाका दरले ६३ जनालाई सहयोग गरिएको छ। जसमा १ जना फर्निचर १५ जना किराना, ६ जना सिलाई, १ जना कस्मेटिक, ३ जना चिया/नास्ता २४ जना बाखा, १२ जना बंगुर र १ जना व्यवसायिक तरकारी खेति व्यावसाय गरिहनु भएको छ। साथै उक्त व्यावसाय बाट दैनिक ६०० देखि १४ हजार सम्मको कारोवार हुने र कारोबार अनुसारको फाईदा हुने कुरा जानकारी गराएका छन्। कृषि व्यावसाय गर्नेको भने दैनिक कारोवार नहुने भएको छ। यसले आर्थिक आम्दानी बढ्नुका साथै बालबालिकाहरुको शिक्षा पोषणमा लगानी हुनुका साथै मुक्त कमैयाहरुको अधिकारका लागि संगठनिक रुपमा कार्यगर्नका लागि सहज भएको मुक्त कमैया समाजका नगर अध्यक्ष फुलाराम थारु बताउनु हुन्छ।

3.3.1: Support on Enrollment campaign

नेपालमा कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजना संचालित ४ वटै पालिकाहरुमा विद्यालय भर्ना अभियान गरिएको छ । संस्थाले बाँसगढी नगरपालिकासंग समन्वय गरी विभिन्न विद्यालय तथा समुदाय स्तरिय बाल क्लवको अगुवाईमा सो अभियान सञ्चालन गरेको थियो । सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं;: शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरौं । भन्ने नाराको साथ शिक्षक, विद्यार्थीहरु, समुदाय स्तरिय बाल क्लवको बालबालिकाहरुको सहभागितामा सो अभियान गरिएको छ

श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय लक्ष्मणपुरको अगुवाईमा बाँसगढी न.पा. ४, लक्ष्मणपुरमा घरदैलो, श्री प्रभात आधारभूत विद्यालय, मदाहाको अगुवाईमा मदाहा तथा नेवादा टोलमा भेला गराई ब्यानर सहित विद्यालय भर्ना अभियानको बारे जानकारी गराउनु भएको थियो । विष्णु प्रसाद पौडेलले आ-आफ्नो बालबालिकाहरु लाई श्री प्रभात आ.वि. मा भर्ना गर्न आग्रह गर्नु भएको थियो । तथा विद्यालयको सम्पत्ति भनेको सार्वजनिक सम्पत्ति हो । त्यसैले सबै अभिभावकहरुले यसको समुचित संरक्षणको सहयोग गर्न अनुरोध गर्नु भएको थियो । अभिभावक मिना थारु ले विद्यालयका शौचालय सरसफाईमा ध्यान दिन शिक्षकहरुलाई अनुरोध गर्नु भएको थियो ।

त्यसै गरी समुदाय स्तरिय बाल क्लव ( सुनौलो विहानी बाल क्लव सेम्रहनी र हरियाली जनचेतना विहानी बाल क्लव मनिकापुर ) विद्यालय भर्ना अभियानको क्रममा आ-आफ्नो टोलमा घरदैलो गर्दै विद्यालय उमेरका बालबालिकाहरु लाई अनिवार्य रुपमा विद्यालय भर्ना गर्न अभिभावकहरु लाई अनुरोध गर्नु भएको थियो ।

अन्य पालिकाहरुमा बढैयाताल गाँऊ पलिकामा शिक्षा शाखाको अनुरोधमा प्रत्येक वस्तीमा गएर जिङ्गल बजाउने र उक्त जिङ्गल समुदायका व्यक्तिहरु कामबाट फर्किसकेको र काममा जानुभन्दा पहिलाको समयमा सुनाउने गरिएको थियो । यसैगरि राजापुर नगरपालिकामा एफ एम बाट र अटो रिक्सामा गएर वस्ति वस्तिमा भर्ना अभियान संचालन गरिएको थियो ।

### 3.3.2: Scholarship support to students of kamaiya family to join and rejoin school

मुक्त कमैयाका बालबालिकाहरु आर्थिक अभावका कारण विद्यालय बाट बञ्चित नहुन भन्नका लागि यस परियोजना बाट २८३ केटा र ३७७ केटि गरि जम्मा ६६० जना बालबालिकाहरुलाई आधारभुत तथा माध्यमिक विद्यालय अध्ययनका लागि सहयोग हुने गरि एक सेट सर्ट र पैन्ट, एक ज्यामिति, १ दर्जन कपि, १ दर्जन डटपेन र एक झोला सहयोग गरिएको छ । यसले बालबालिकाका अभिभावकहरुलाई आर्थिक भार कम हुनुका साथै नियमित विद्यालय जानको लागि बालबालिकालाई प्रोत्साहन समेत भएको छ ।

### 3.5.2.a: Preparatory meetings with Local Government to establish employment information center

मुक्त कमैयाका युवाहरुको रोजगारमा अभिबृद्धि गर्नका लागि सूचनामा पहुँच पुऱ्याउन भनि राजापुर नगरपालिकामा एक रोजगार सूचना केन्द्र स्थापना गर्नका लागि मुक्त कमैया समाज र राजापुर नगरपालिका संग बैठक बसि राजापुर नगरपालिकाले रोजगार केन्द्र स्थापना गर्नका लागि एक कार्यालय कोठा तथा विद्युत र पानीको व्यवस्था गर्ने तथा आवश्यक सूचना केन्द्रका लागि अन्य सामाग्रीहरु कमैया महिला जागरण समाजको EABL परियोजना बाट उपलब्ध गराउने भनि छलफल गरियो ।

3.5.2.b: Establish and run employment information center at palika

मुक्त कमैयाका युवाहरुको रोजगारीमा पहुँच पुऱ्याउनका लागि कमैया महिला जागरण समाज र राजापुर नगरपालिकाको सहकार्यमा एक रोजगार सूचना केन्द्रको स्थापना गरिएको छ जसका लागि आवश्यक सामाग्रीहरु खरिद भैसकेको र एक जना रोजगार सूचना अधिकृतको व्यवस्था गरिएको छ । यस बाट युवाहरुको सूचना पहुँच बृद्धि भै रोजगारीका लागि जानकारी पाउने र रोजगारीका लागि युवाहरुको सहयोग पुग्ने देखिन्छ ।

3.5.6: Inception workshop

नेपालमा कृषिमा आधारित बँधुवा श्रमको अन्त्य परियोजना अन्तर्गत मुक्त कमैया समाजको विभिन्न तहको प्रतिनिधी, कमैया महिला जागरण समाजको विभिन्न तहको पदाधिकारी तथा अन्य विभिन्न सरोकारवालाहरुको उपस्थितीमा परियोजनाको बारेमा जानकारी बैठक सम्पन्न भएको छ । कार्यक्रममा कमैया महिला जागारण समाज द्वारा संचालन गरिएका बिभिन्न कार्यक्रमहरुको बारेमा कार्यक्रम संयोजक जितराम चौधरी बाट गरिएको थियो भने यसै क्रममा कार्यक्रम अधिकृत दुर्गा बहादुर चौधरी द्वारा परियोजनाको उद्देश्य तथा कृयाकलाप तथा बजेटको विषयमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा परियोजनाको सफलताको लागि गैर सरकारी संस्था महासंघ बर्दियाको अध्यक्ष विष्णु तिमिल्सेना, बाँसगढी नगरपालिकाका वडा नं. ४ का वडा अध्यक्ष रजमान चौधरी, मुक्तकमैया समाजका केन्द्रिय अध्यक्ष पशुपती चौधरीले परियोजनाको सफलताको शुभकामना दिनु भएको थियो । कार्यक्रममा सहभागिहरुलाई स्वागत कमैया महिला जागरण समाजका कोषाध्यक्ष कमलापती चौधरीले गर्नु भएको थियो भने कार्यक्रम कमैया महिला जागरण समाजका केन्द्रिय सचिव संगिता चौधरीको अध्यक्षतामा संचालन भएको थियो । कार्यक्रममा ५ महिला र ४ पुरुष नयाँ सहभागी र ९ महिला र १६ पुरुष गरि जम्मा ३४ जनाको सहभागिता रहेको थियो ।

.2.1. Meeting with Haliya, Kamaiya and Harwa-Charwa Leaders for consultation on Strategy and finalize

क) कैलाली :

सरोकारवाला र मुक्त कमैयाहरु बीच परार्मस बैठक कैलारी गाउपालिका वडा नं. ७ मिलनपुर मुक्त कमैया वस्तीमा २०७८ मंसिर २३ गतेका दिन मिना कठारियाको अध्यक्षतामा कैलारी गापाका अध्यक्ष लाजु राम चौधरी प्रमूख अतिथी, अतिथीमा मुक्त कमैया समाजका पशुपति चौधरी, टीकापुर नपाका पालिका प्रतिनिधी सिता चौधरी, जानकी गापाका हासिराम चौधरी लगायत विभिन्न सस्थाका प्रतिनिधीहरुको उपस्थिती रहेको थियो अतिथिहरुलाई सम्झना चौधरीले स्वागत गर्नु भयो भने कार्यक्रम विनोद चौधरीले संचालन गर्नु भएको भयो ।

कार्यक्रममा कार्य पत्र पशुपति चौधरीले प्रस्तुत गर्नु भयो । मुक्त कमैया प्रतिनिधीहरुले आफ्नो शैक्षिक, आर्थिक, सामाजिक, तथा सरकारले गरेको प्रतिबद्धता पुरा नभएको अवस्था जानकारी गराएका थिए । मुक्त कमैयाका पुर्नस्थापनका समस्याहरु स्थानिय निकायका कार्यपालिकाको बैठकमा समस्याका बारेमा कुरा उठाईन्छ तर सुनवाई हुदैन प्राथामिकतामा पर्दैन दवाव दिन जरुरी छ भन्ने भन्नु हुन्छ टीकापुर नपा कार्यापालिका प्रतिनिधी सिता चौधरी । साथै अन्य सरोकारवालाहरुले सवै जनाको पहल र सहकार्यमा मुक्त कमैयाहरुको समस्या समाधान गर्न सकिने बताउनु भयो ।

मुक्त कमैया पुनस्थापन गर्न संघिय सरकारले हतारोमा स्थानिय निकायलाई जग्गा खरिद अनुदान, काठ बापत रकम र घर निर्माण सहयोग रकम दिने आदेश मात्र दिई मुक्त कमैयाका कुनै कागजात नपठाउदा वितरण गर्न सकिएन । हामी समस्या हल गर्न चाहन्छौ तर कानुन बाझिएको छ । स्थानिय निकायलाई जमिन, शिक्षा र वनका अधिकार दिएमा हामी पुनस्थापन गर्न सक्छौ भन्ने कैलारी गाउपालिकाका अध्यक्ष लाजु राम चौधरीको भनाई रहेको छ ।

ख) कञ्चनपुर :

सरोकारवाला र मुक्त कमैयाहरु बीच परार्मस बैठक भिमदत्त उपमहा नगरपालिकाको बैठक हलमा २०७८ मंसिर २७ गतेका दिन भिमदत्त उपमहा नगरपालिकाको बैठक हलमा विना चौधरीको अध्यक्षतामा प्रमूख अतिथी सोही नपाका मेयर सुरेन्द्र विष्ट रहनु भएको थियो भने अतिथिमा मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरी, वेतकोट नगरपालिकाका वडा नं. ७ का वडा अध्यक्ष विर बहादुर चौधरी, जिल्ला प्रशासन कार्यालय प्रतिनिधी, मालपोट कार्यालय प्रतिनिधी, गैर सरकारी सस्था महासंघ, कमलहरी विकास मंञ्च, भूमि अधिकार मञ्च, भूमि अधिकार संर्घष समिती, निड्स लगायत सस्थाहरु सहभागीता जनाएका थिए । कार्यक्रममा स्वागत लाहुरे डगौराले गर्नु भयो भने जीत बहादुर चौधरीले संचालन गर्नु भएको थियो ।

सरकारले कमैया मुक्त घोषण गरेको २२ वर्ष पुरा भई सकेको अवस्थामा कमैया मुक्तिका आन्दोलनको स्मरण गराउदै, शैक्षिक, आर्थिक, सामाजिक, स्वास्थ्यको अवस्था, सरकारले बनाएका कानुन तथा निति तथा मुक्त कमलहरी, बुकलहरी र महिलाले भोगिरहेका विषय समेतीएका कार्य पत्र पशुपति चौधरीले प्रस्तुत गर्नु भयो । कार्यपत्र माथी छलफल गर्ने क्रममा वेतकोट नपा ७ का वडा अध्यक्ष वीर बहादुर चौधरीले कमैया बस्दा जस्तो सुकै अवस्थामा काम गर्नु पर्ने तर आज स्वातन्त्र भएको खुशी व्यक्त गर्दै अहिले धेरै जना मुक्त कमैयाहरुले आर्थिक स्तर बढाएका छन भनी बिचार राखेका थिए । भिमदत्त उपमहा नगरपलिकाका मेयर सुरेन्द्र विष्टले भन्नु भयो की सरकारले मुक्त कमैयाका समस्या हल गर्न स्थानियलाई दिए पनि सम्पूर्ण रेकर्ड उपलब्ध नगराउदा काम गर्न समस्या भएको छ । शिक्षा, वन, र भमिको अधिकार स्थानियमा देखिन्छ तर कानुन बाझिन्छ अधिकार नभएकोले आयोग संग सम्झौता गरिनु पर्ने अवस्था अन्त्य गर्नका लागी साझा लडाई लड्नु पर्ने देखिन्छ । कञ्चनपुरमा जोखिममा रहेको मुक्त कमैया वस्ती सुरक्षित बस्ती स्तान्त्रण गरिनु पर्छ सवै लागौ जिवीकोर्पाजनका धेरै कार्यक्रम छन तर मुक्त कमैयाहरु सम्म पुऱ्याउन सकेका छैनौ हामी चाहेर मात्र हुदैन तपाईहरुको साथ र सहयोग चाहिन्छ भनी मेयरले भन्नु भयो ।

ग) दाङ :

सरोकारवाला र मुक्त कमैयाहरु बीच परार्मस बैठक घोराही नगरपालिका जिल्ला समन्वय समितीको हलमा २०७८ पौष ४ गतेका दिन कमलापति चौधरीको अध्यक्षतामा संघिय सांसद माननीय मेतमणी चौधरीको प्रमूख अतिथी रहनु भएको कार्यक्रममा कार्य पत्र पशुपति चौधरीले प्रस्तुत गर्नु भएको थियो । कार्य पत्र माथी छलफल गर्दा मुक्त कमैयाका प्रतिनिधी मान बहादुर

नेपाली, मन बुझावन चौधरी, सन्तोली चौधरी, मान विर चौधरी र मुक्त कमैया  समाजका जिल्ला अध्यक्ष हरि चन्द्र चौधरीले मुक्त कमैयाका समस्याका बारेमा कुरा राख्नु भएको थियो ।

जिल्ला प्रशासन कार्यालय प्रमूखले सरकारले बनाएका कानुनलाई पालना गराउने जिम्मेवारी भएकोमा मुक्त कमैयाहरुको क्षेत्रमा विगतका दिन सहकार्य गरिदै आएकोमा प्रशासनका तर्फबाट सहयोग रहने प्रतिवद्धता जनाएका थिए । माननीय मेतमणी चौधरीले १० वर्ष सम्म बसोवास गरेको स्थानबाट कोही पनि व्यक्ति उठन नपर्ने कानुन बनाई सकेका छौ पाएका जग्गाको पूर्ण स्वामित्वको विषयमा व्यापक छलफल गरौ । राज्यले मुक्त कमैयाका लागी बनाएका निति अनुसार सुबिधा दिनु पर्ने पहल हुनेछ । जिल्ला प्रशासनको जग्गाबाट विकल्प विना हटाउन नमिल्ने हटाए प्रतिकार हुने समेत बताउनु भयो । उक्त कार्यक्रममा मुक्त कमलहरी विकास मञ्च, ग्रामिण महिला उत्थान केन्द्र, जिल्ला भूमि अधिकार मञ्चका प्रतिनिधीहरु समेत बिचार राख्नु भएको थियो अतिथीहरुलाई सिता चौधरीले स्वागत गर्नु भयो भने कार्यक्रम लोकमाया चौधरीले संचालन गर्नु भएको थियो ।

घ) बर्दिया

मुक्तकमैया तथा सरोकारवालाहरु बिचको परामर्श बैठक मंसिर २१ गते बर्दियामा तथा २५ गतेका दिन बाँकेमा सम्पन्न भएको छ । कार्यक्रम कमैया महिला जागरण समाज नेपालका अध्यक्ष विरुणी थारुको अध्यक्षतामा संचालन भएको थियो जसमा सहभागिहरुलाई स्वागत कार्यक्रम संयोजक जीतराम चौधरीले गर्नु भएको थियो भने कार्यक्रमको संचालनकार्यक्रमअधिकृत दुर्गा बहादुर चौधरीले बाट भयो र कार्यक्रमको सहजीकरण तथा कार्यपत्र प्रस्तुतीकरण सहजकर्ता डिल्ली बहादुर वि.सी. ले गर्नु भएको थियो । कार्यक्रममा जिल्ला वन डिभिजन कार्यालय, मालपोत तथा भुमीसुधार कार्यालय, जिल्ला प्रशासन कार्यालय, नेपाल पत्रकार महासंघका अध्यक्ष र मुक्तकमैयाहरुको विभिन्न तहका नेतृत्वकर्ताहरुको उपस्थिती रहेको थियो । जसमा मुक्त कमैयाहरुको विवरण सबै पालिका अनुसार स्थानिय तहहरुलाई जानकारी पत्र पठाई सकेको छ । वन कार्यालयमा कमैयाहरुको काठको ढुवानी रकम २००० रुपैया प्रति मुक्त कमैया उठाएको तर हाल सम्म त्यो रकम कमैयाहरुले फिर्ता पाउन नसकेको अवस्था रहेको छ, मुक्त कमैयाहरु लालपुर्जा हातमा भएको तर जमिन कहाँ छ भन्ने थाहा नभएको कोहिको जमिन थाहा भएता पनि अरुले कब्जा गरेर भोग चलन गरिराखेको अवस्था रहेको  छ ।

ङ) बाँके

यसैगरि जिल्ला मुक्त कमैया समाजका अध्यक्ष जोखन थारुको अध्यक्षतामा बाँके जिल्लामा संचालन भएको थियो जसको कार्यक्रम संचालन श्यामकली थारुले गर्नुभएको थियो भने कार्यक्रमको सहजीकरण सहजकर्ता डिल्ली बहादुर विसी ले गर्नुभएको थियो । कार्यक्रममा कोहलपुर नगरपालिकाका प्रमुख लुट बहादुर रावत, बैजनाथ गाऊपालिकाका सामाजिक विकास संयोजक गोमान सिंह डमाई, राप्ती सोनारी गाऊ पालिकाका कार्यपालिका सदस्य पूर्ण बहादुर वलीको उपस्थिति रहेको थियो भने मुक्त कमैयाहरुको वस्ती देखि जिल्ला तहका नेतृत्वकर्ताहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा कमैया वस्तीमा विद्यालयको लागि छुट्टयाएको जमिनमा गन्धर्वहरुलाई आवासको लागि पालिकाले वितरण गरेको, जग्गालाई अन्य प्रयोजनको लागि धितो तथा अन्य सुविधा लिन नसक्ने बनाएको तथा कमैयाको वास्तविक छानविन हुनु पर्ने, सरकारले आफुखुसी कित्ताकात गरेको र कमैयाहरुको सुझाव अनुसार कित्ताकात गरिनु पर्ने, फिल्ड बुकमा जग्गा नचढाएको, शिक्षाको सम्पुर्ण जिम्मेवारी सरकारले लिनुपर्ने, पुनर्स्थापन हुन बाकी रहेका कमैयाहरुको पुनर्स्थापन हुनु पर्ने,

पुर्जा लिन बाँकी रहेका कमैयाहरुलाई पुर्जा लिन सक्ने वातावरण बनाउने, मालपोत बुझीरहेको तर जग्गाको स्थान थाहा नभएको जस्ता सवालहरुमा छलफल गरिएको थियो ।

बाल ज्याम्बोरी कार्यक्रम

बर्दिया जिल्लाको ४ वटा पालिकाहरुमा बाल ज्याम्बोरी कार्यक्रमका रुपमा राष्ट्रिय वाल दिवशको अवसरमा २०७९ साल भाद्र २९ गतेका दिन "बाँधा बाल श्रम तथा कमैया प्रथा" शिर्षकमा गेरुवा गाँऊ पालिका, राजापुर नगरपालिका, बढैयाताल गाऊपालिकामा बक्तृत्वकला प्रतियोगिता तथा बाँसगढी नगरपालिकामा पहिलो चरणमा विहान बँधुवा बालश्रम र कमैया प्रथा शिर्षकमा निबन्ध प्रतियोगिता सम्पन्न भएको छ जसमा १३ बालक र १६ बालिका प्रत्यक्ष भाग लिएका थिए भने दोस्रो चरणमा पुरस्कार वितरण तथा बालअधिकार विषयमा वक्तृत्व प्रतियोगिता भएको थियो । कार्यक्रममा नयाँ पुस्ताहरुलाई नेपालमा रहेको बाँधाश्रमको बारेमा खोज गरि जानकारी प्राप्त गर्ने तथा कार्यक्रममा सहभागी भएका बालबालिका तथा अन्य सरोकारवालाहरुलाई जानकारी भएको छ । जसमा तपशिलको उपस्थिती रहेको थियो ।

| **क्र. सं.** | **पालिका** | **केटा** | **केटी** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|---|
| | **राजापुर** | **३१** | **२३** | **५४** | |
| | **गेरुवा** | **२४** | **३०** | **५४** | |
| | **बढैयाताल** | **१२** | **२५** | **३७** | |
| | **बाँसगढी** | **२५** | **४३** | **६८** | **बक्तृत्वकला र निवन्ध लेखन दुबै कार्यक्रमको संयुक्त उपस्थिती** |

पत्रिकामा समाचार प्रकाशन

कमैया महिला जागरण समाज नेपालको सहजीकरण तथा पत्रकारको सहयोगमा मुक्त कमैया सम्बन्धी समस्या उजागर गर्नको लागि कान्तिपुर राष्ट्रिय पत्रिकामा प्रकाशन भएको छ भने अन्य कार्यक्रमहरुको समेत विभिन्न पत्रिकाहरुमा प्रकाशन भएको छ ।

https://www.kantipurdaily.com/feature/2022/08/10/166012799030763784.html

https://ekantipur.com/pradesh-5/2022/07/18/165815541907047824.html

https://www.youtube.com/watch?v=jLy5ngd7lmA

## Safeguarding Training

कमैया महिला जागरण समाजको आयोजनामा संचालित कार्यक्रमहरु बाट सबै सेवाग्राहीहरु सुरक्षित रहुन भन्नका लागि संरक्षणको क्षमता विकासका लागि कार्य समितिका पदाधिकारी तथा कर्मचारीहरुको सहभागितामा सम्पन्न गरियो । कार्यक्रममा फ्रिडम फण्ड र एक्सन ऐडको प्राविधिक सहयोग रहेको थियो । उक्त कार्यक्रम चन्द्रिका खतिवडा तथा निना श्रेष्ठले गर्नु भएको थियो कार्यक्रममा उद्घाटन सत्र कमैया महिला जागरण समाजका अध्यक्ष विरुणी थारुको अध्यक्षतामा भयो कार्यक्रममा ५ पूरुष तथा १० महिलाको उपस्थिती रहेको थियो । कार्यक्रममा संरक्षणको अवधारणा, दुर्व्यवहार, सुरक्षण सम्बन्धी विभिन्न कानूनी प्रावधानहरु, संचार, गोपनियता तथा केस व्यवस्थापन सम्बन्धी छलफल गरिएको थियो उक्त कार्यक्रमका क्रममा फिल्डमा गएर सुरक्षणमा भएका अभ्यासहरुका बारेमा छलफल समेत गरिएको थियो । यस तालिम बाट कार्यक्रमबाट कुनै किसिमको सुरक्षणको विरुद्धमा कुनै किसिमको कृयाकलाप तथा व्यावहारका विषयमा छलफल गरिएको थियो ।